# कसरी संसारले अहिंसाको बारेमा मार्टिन ल’थर किङ्गलाई सत्य प्रमाणित गर्दैछ

# How the world is proving Martin Luther King, Jr. right about nonviolence

**Erica Chenoweth and Maria J. Stephan**

*Washington Post*, January 18, 2016?
Translation: Yogita Rai; editor: Suman Parajuli

## कसरी संसारले अहिंसाको बारेमा मार्टिन लुथर किङ्गलाई सत्य प्रमाणित गर्दैछ

(एरिका सेनोवेथ र मारिया जे. स्टेफन, जनवरी १८, २०१६)



येमनी अभियानकर्ता टावाक्कोल करमान (दाया, सेतो स्कार्फमा) लाई महिला अधिकारको लागि उनको अहिंसात्मक सक्रियताको लागि नोवेल शान्ति पुरस्कारद्धारा सम्मानित गरिएको थियो । फोटो सम्पादकः सुदर्शन राघवानद्वारा पठाइएको ।

*"उत्पीडित मानिसहरुका लागि उनीहरुको स्वतन्त्रता संघर्षमा उपलब्ध सवैभन्दा शक्तिशाली हतियार अहिंसात्मक प्रतिरोध नै थियो भन्ने कुरामा पहिले भन्दा धेरै विश्वस्त हुँदै मैले भारत छोडें "– "मार्टिन लुथर किङ्ग (जुनियर)को आत्मवृत्तान्त", क्लेबोर्न कार्सनद्वारा सम्पादीत ।*

सन् २०११ पश्चात, विश्व गहिरो रुपमा एक विवादास्पद स्थान भएको छ । मध्य पूर्व, साहेल र दक्षिणी एशियाभर सशस्त्र विद्रोहहरु उग्र भएता पनि, हिंसात्मक नागरिक द्वन्दहरु मानिसहरुका लागि आफ्नो समस्याहरु सम्बोधन गर्ने प्राथमिक तरीका हुन छाडिसकेको छ । यसको सट्टा, ट्युनिशदेखि ताह्रिर स्क्वायरसम्म, जुकोटी पार्कदेखि फर्गुसनसम्म, बुर्किना फासोदेखि हङ्गकङ्गसम्म, विश्वभरका आन्दोलनहरुले परिवर्तनको लागि दबाव दिन गान्धी, किङ्ग र देश भित्र र बाहिरका नियमित अभियानकर्मीहरुबाट पाठ सिकेका छन् ।

गान्धी र किङ्गले अहिंसात्मक प्रतिरोधमा जोड दिएका छन्- जसमा, विपक्षीको सामना गर्न निशस्त्र मानिसहरुले बन्द, विरोध, हड्ताल, बहिस्कार जस्ता समन्वयनात्मक एकीकृत वा अन्य कार्यहरुको प्रयोग गर्छन - जुन आलोचनाबाट मुक्त भने छैन । कतिपय आलोचनाहरु नागरिक प्रतिरोध के हो भन्ने गलत

बुझाइमा आधारित छन्, जबकि अन्यले निशस्त्र र दमनमा परेका मानिसहरु संगठित भएर शक्तिशाली विपक्षीलाई चुनौति दिन सक्ने क्षमतामा शंका गर्दछन् । प्रत्येक नयाँ आन्दोलनसँगै समान किसिमका चुनौतीहरु आउछन, जसमा स्थापित शक्ति र प्रणालीगत उत्पीडनको अगाडी अहिंसात्मक कार्यको प्रभावकारीताको प्रश्न पनि समावेश हुन्छ । सन् २०११ मा, हामीले यिनै प्रश्नहरुमाथी अध्ययन गर्दै एउटा पुस्तक प्रकाशित गऱ्यौं र अनपेक्षीत रुपमा, विद्यमान राष्ट्रिय नेताहरु हटाउने वा क्षेत्रीय स्वतन्त्रता प्राप्त गर्ने क्रममा अहिंसात्मक प्रतिरोधका अभियानहरु तिनीहरुको हिंसात्मक समकक्षीहरु भन्दा दुई गुणा भन्दा बढी सफल भएको फेला पाऱ्यौं ।

धेरै मानिसहरुको लागि यो निष्कर्ष अपरिपक्क लाग्न सक्छ तर जब हामीले तथ्याङ्कहरु खोतल्यौं, अहिंसात्मक प्रतिरोध अभियानहरु विपक्षीहरुको ह्रदय पगालेर सफल हुदैनन् भन्ने तथ्य फेला पाऱ्यौं । बरु ती अभियान सफल हुन्छन् किनभने अहिंसात्मक विधिहरुमा बृहत सहभागिता प्राप्त गर्ने धेरै संभावना हुन्छ - औसतमा, तिनीहरुले औसत सशस्त्र विद्रोह भन्दा ११ गुणा बढी सहभागीहरु प्राप्त गर्दछन् - र प्रतिपक्षी शासन भित्र प्रमूख शक्ति परिवर्तनको स्रोत पनि यहि हो । समाजका विविध क्षेत्रहरुकलाई आर्कषित गर्ने बृहत सहभागिता जसले सुधारवादीहरुलाई सशक्त र आफ्नो बनाउछ जबकि कट्टरपन्थीहरुलाई समर्थनको स्रोतबाट कटौति गर्दछ । जब त्यस्तो सहभागिता अहिंसात्मक हुन्छ, यसले नेतृत्वबाट शासन समर्थन फिर्ता लिने संभावना बढाउँछ र रक्तपातपूर्ण प्रतिशोधको डर कम गरि सुरक्षाबल, आर्थिक संभ्रान्त वर्ग र कर्मचारीतन्त्रहरुलाई आफ्नो बफादारिता परिवर्तन गर्ने अवसर प्रदान गर्छ ।


अर्को शब्दमा, अहिंसात्मक प्रतिरोध प्रभावकारी हुनु यसको अनुकुलन क्षमताका कारणले हो भन्नु आवश्यक छैन बरु अल्वर्ट आइन्स्टाइन इस्टिच्युटका संस्थापक जीन सार्पले दशकौंदेखि स्पष्टसँग व्यक्त गर्दै आएको सिद्धान्त- सृजनात्मक, बलियो समर्थन र प्रतिरोधी क्षमताको कारणले हो भन्ने हामीले पायौं । स्वभाविक रुपमा, सबै अहिंसात्मक अभियानहरु सफल हुँदैनन् । तर असफल भएका सन्दर्भमा पनि हिंसात्मक विद्रोहहरुले राम्रो नतिजा दिन सक्थ्यो भनेर सुझाउने ठोस प्रमाण थिएन ।

त्यो सन् २०११ थियो, अहिले २०१६ हो । हामीले विगत ५ वर्षमा अहिंसात्मक प्रतिरोधका बारेमा के सिक्यौं ? तल हामीले राजनीतिशास्त्रबाट केही महत्वपूर्ण अनुभवसिद्ध निष्कर्षहरु उल्लेख गरेका छौं, जसमध्ये केहिले त अहिंसात्मक कार्य प्रति संशय राख्नेहरुमा आश्चर्यजनक प्रभाव पार्न सक्छ ।

**१. अहिंसात्मक अभियानहरु बढ्दो रुपमा सामान्य भएका छन् ।**

यदि हामी इतिहासको विशेष बिध्वंसकारि समयमा बाचिरहेका छौं भन्ने महशुस गर्नुहुन्छ भने तपाई सही हुनुहुन्छ । तर यो यस्तो प्रकारको बिध्वंस हो जुन हाम्रो समयका लागि अद्वितिय छ । विवाद परियोजनाको मुख्य अध्याय (प्रो. एरिका सेनोवेथले डेन्भर विश्वविद्यालयमा संचालन गरेको तथ्याङ्क परियोजना) ले अहिंसात्मक प्रतिरोध अभियानहरु संसारभर विरोध कार्यको नमूना बनेको सुझाव प्रस्तुत गर्दछ । नाभ्को तथ्याङ्कपरियोजना, एक अलग तथ्याङ्क संकलन परियोजना जसले पृथक स्रोत सामाग्री र


समावेश मापदण्डको प्रयोग गर्छे र अन्य विरोध सम्बन्धी तथ्याङ्कहरुले पनि, समान स्वरुप देखाउँछ, । जबकि हिंसात्मक द्वन्द्वको प्रवृति - प्रति १००० युद्ध मृत्युलाई सीमा मानि परिभाषित गर्दा - सन् १९७० यता घटेका छन् भने प्राथमिक रुपमा अहिंसात्मक प्रतिरोधमा आधारित अभियानहरु आकाशीएका छन् । ध्यान दिनुहोस्, यी तथ्याङ्कहरु विशेष गरी कट्टर अभियानहरुसंग सम्बन्धित छन्, अर्थात, जसको लक्ष्य विद्यमान राष्ट्रिय नेतृत्वलाई शक्तिबाट हटाउने वा हस्तान्तरण वा वैदेशिक सैन्य अतिक्रमण वा औपनिवेशिक शक्तिलाई निस्काषन गरेर क्षेत्रीय स्वतन्त्रता कायम गर्ने थिए ।




हामीले वर्तमान दशकको पहिलो ५ वर्षमा मात्रै, सन् १९९० को पुरा दशकमा भन्दा बढी र लगभग सन् २००० को दशकमा देखिएको जति नै नयाँ अहिंसात्मक अभियानहरु सुरु भएको देख्यौं । हाम्रो वर्तमान दशक सवैभन्दा बढी विवादग्रस्त दशकको रुपमा किर्तिमान राख्ने क्रममा छ ।

**२. अहिंसात्मक अभियानहरु धेरै सामान्य भएता पनि यसको पूर्ण सफलताको दर भने घटेको छ ।**

अहिंसात्मक अभियानहरुको यो तीव्र वृद्धिसँगै हामीले यसबाट सिकाईको अवस्था पनि तीव्र भएको देखेका छौं । १९९० को दशकमा अहिंसात्मक प्रतिरोधको सफलताको दर उत्कर्षमा पुगेको थियो तर हालको दशकमा यसको सफलताको दरमा तीव्र गिरावट देखिएको छ ।




यसका केहि कारणहरु हुनसक्छन् । पहिलो,प्रतिपक्षी राज्यले तलबाट सिक्दै र चुनौतीहरुको अनुकूलन गरेको हुनुपर्छ । यद्यपि धेरै दशक पहिले, उनीहरुले आफ्नो शासनलाई अर्थपूर्ण चुनौती दिन सक्ने जनताको शक्तिको संभावनालाई नजरअन्दाज गरेका हुनसक्ने भए पनि, अहिले आम अहिंसात्मक अभियानहरुलाई वास्तबमै खतराका रुपमा हेरिरहेका हुनसक्छन् र - सायद ब्रुस बुइनो डि मेस्किटा र अलास्टेर स्मीथको “अधिनायकको हातेपुस्तिका” (डिक्टेटर्स हेन्डबुक) को सुझावहरुको अनुकरण गरेर - त्यसलाई रोक्नको लागि थुप्रै स्रोतसाधन प्रयोग गरिरहेका हुनसक्छन् अथवा अहिंसात्मक अभियान बढ्दै गरेका बेला त्यसलाई दमन गर्नको लागि “चलाख दमन (स्मार्ट रिप्रेशन)” को प्रयोग गरिरहेका हुनसक्छन् । सिकाइ अनुकुलनको यो अवस्था, अथवा स्मीथ कलेजको मध्य पूर्व अध्ययनका केट्चम प्रमूख स्टेभेन हेडम्यानले भने जस्तै *“अधिनायकवाद २.०”*, एट्लान्टीक परिषदको *“अधिनायकबादको भविष्य ”* बिषयक परियोजनाको केन्द्र विन्दुमा रहेको छ ।

दोस्रो, अहिंसात्मक कार्यको विधिहरु प्रयोग गरिरहेका अभियानकर्ताहरुले विश्वभरका आफ्ना समकालीनहरुबाट गलत पाठ सिकिरहेका हुनसक्छन् । उदाहरणको लागि, सन् २०१० र २०११ मा ट्युनिशियामा भएको बृहत प्रदर्शन र हड्तालहरु सम्बन्धी समाचारहरुको आधारमा कोहि ३ हप्ते प्रदर्शनले नै एउटा तानशाहलाई पदच्युत गर्नसक्यो भनेर सोच्नका लागि लालायीत भएको हुनसक्छ । यधपी यस्ता बुझाइहरुले ट्युनिशियामा हालसालै बलियो रुपमा संगठित श्रमिक सक्रियताको नविनतम इतिहास थियो, जसले विद्रोहलाई समर्थन प्रदान गर्‍यो र त्यो आमहड्तालले ट्युनिशियाको अर्थतन्त्रलाई कमजोर पार्ने खतरा भयो, जसका कारण आर्थिक तथा व्यवसायिक संभ्रान्त वर्गले राष्ट्रपति एल एविदिन बेन अलिबाट समर्थन फिर्ता लिन थाले, यहाँ सम्मकि प्रदर्शनकारीहरुलाई स्वचालीत हतियारद्धारा प्रहार गर्ने उनको आदेश उनकै सुरक्षा बलहरुले अस्वीकार गरे भन्ने वास्तविकतालाई पूर्णरुपमा छुटाएको हुनसक्छ ।

अभियानकर्ताहरुका लागि समान स्थितिमा रहेका अरुहरुबाट प्रेरणा लिनु स्वाभाविक हो, तर यसले प्राय असफलता निम्त्याउन सक्छ । उदाहरणको लागि, टेक्सास विश्वद्यिालयका कर्ट वेलेन्डले भनेका छन् कि सन् १८४८ का प्राय हिंसात्मक क्रान्तिहरुको विश्वव्यापी लहरमा, असंतुष्टहरुले फ्रान्सेली राजतन्त्र विरुद्धको प्रारम्भिक विद्रोहको रणनीति दोहोऱ्याउन खोजे जुन राम्रो तयारी र स्रोतसाधान भएका राजतन्त्रहरु जो अवश्य पनि फरक किसिमका बिरोधीहरु थिए, बिरुद्ध नाकाम रह्यो, । लहरको पछिल्ला समयमा ती राजाहरु क्रान्तिकारीहरुको चालहरु अनुमान गर्न, विद्रोहलाई परास्त गर्न र विपक्षीहरुलाई विभाजन गरि आफ्नो पक्षमा पार्न सक्षम भए । आज हामी उस्तै प्रक्रिया देखिरहेका हुनसक्छौं, विशेष गरी क्षेत्रीय विद्रोहका लहरहरुका पछिल्ला चरणहरुमा ।

## ३. तथापि, विश्वास गर्नुहोस् वा नगर्नुहोस्, हिंसात्मक भन्दा अहिंसात्मक अभियानहरु अझै धेरै सफल हुँदैछन् ।

सन् १९६० यता, सफलताको निरपेक्ष दरका सन्दर्भमा, अहिंसात्मक अभियानहरुभन्दा हिंसात्मक अभियानहरुको उपलब्धी धेरै खराब रहेको छ । वास्तवमा, समग्रमा, सन् १९९० देखि सन् २०१५ सम्म, अहिंसात्मक अभियानहरु ५१ % पटक सफल भएका छन् जबकि हिंसात्मक अभियानहरु २७ % पटक सफल भएका छन् । अहिलेसम्म यो दशकमा, ३०% अहिंसात्मक अभियानहरु सफल भएका छन्, जबकि १२ % हिंसात्मक अभियानहरु सफल भएका छन् - यस अर्थमा, वास्तवमा अहिले उनीहरु बीचको अनुपातिक सफलताको अंतर औसत भन्दा अझ फराकिलो भएको छ ।

## ४. हिंसात्मक गुटहहरु सामान्यतया अहिंसात्मक बृहत आन्दोलनहरूको लागि हानिकारक हुन्छन् ।

प्राथमिक रुपमा निशस्त्र अभियानसँगै थोरै मात्रामा हिंसा प्रयोग गरेमा यसले अहिंसात्मक अभियानलाई सहयोग गर्दछ कि बेफाइदा गर्दछ भन्ने प्रश्न सन् २०११ देखि यताका गरम बिषयहरु मध्ये एक रहेको छ । अमेरिकामा यो प्रश्न “युक्तिहरुको विविधता” बहसमा प्राय प्रस्तुत गरिएको थियो । तर, विश्वव्यापीरुपमा आमुल परिवर्तन खोज्ने धेरै आन्दोलनहरुका लागि बिरोधका अहिंसात्मक, हिंसात्मक वा मिश्रित विधिहरु सम्बन्धि प्रश्न सामान्य हो । पर्यवेक्षकहरु, बिशेषज्ञहरु (पन्डीतहरु) र अभियानकर्ताहरुका कैयौं दावीहरु, यसको राम्रो वा नराम्रो पक्षका बाबजुद पनि आश्चर्यजनक रुपमा यस प्रश्नले हाल सालै मात्र प्रयोगसिद्ध मुल्यांकनमा थोरै महत्व प्राप्त गर्यो ।

हालैको एउटा लेख “परिचालन” मा रोट्जर विश्वविद्यालयका सेनोवेथ र कर्ट स्चोकले हिंसाको सिमित प्रयोगको अध्ययन गर्न तुलनात्मक तथ्याङ्क प्रयोग गरेका छन् । उनीहरुले पत्ता लगाए कि हिंसात्मक

गुटहरुले केहि अल्पकालिक प्रकियागत लक्ष्यहरु प्राप्त गर्नसक्छन् जस्तै संचार माध्यमको ध्यानाकर्षण, आत्मरक्षाको अनुभुति, प्रतिपक्षी संस्कृतिको प्रचार जसले कट्टरपन्थी सदस्यहरुको प्रतिबद्धता अझ मजबुत बनाउँछ, वा गहिरो रुपमा दमित भावनाबाट मुक्ति पाउने प्रक्रियाको आभाष दिन्छ, आदि । तर हिंसात्मक गुटहहरुले सामान्यतया दीर्घकालीन रणनीतिक लक्ष्यहरु अवमूल्यन गर्ने गर्छन्, जस्तै बढ्दो रुपमा बृहत र विविध सहभागिताको आधार कायम राखिरहने, तेस्रो पक्षहरु बीचमा सहयोग विस्तार गर्ने र सुरक्षा बलहरुबीच वफादारी परिवर्तन हासील गर्ने आदि । उनीहरुले, प्रथमतः अहिंसात्मक प्रतिरोध प्रयोगको मुख्य फाइदालाई अवमुल्यन गर्दै हिंसात्मक गुटहरु सामान्यतया न्यून सहभागिता दर र अधिकरुपमा समजातिय सहभागितासँग सम्बन्धित हुने गरेको प्रमाण भेटाए । अर्को अध्ययनको समान निष्कर्षमा, हिंसात्मक गुट⁄ हरुले राज्यद्धारा गरेको दमनलाई बढावा दिने संम्भवना हुने जुन न्यून सहभागिताको दरसंग सम्बन्धित हुन्छ भन्ने देखाएको छ । तसर्थ, औसतमा, हिंसात्मक गुटहहरुले निश्चितरुपमा अहिंसात्मक आभियानहरु सफल पार्न सहयोग गर्दैनन् ।

प्रिन्स्टन विश्वविद्यालयका ओमार वासोले हिंसात्मक र अहिंसात्मक विरोधहरुको राजनीतिक प्रभावबारे थप प्रमाण उपलब्ध गराएका छन् । सन् १९६० को दशकमा कालो वर्णका अमेरिकिहरुले गरेको शहरी विरोध सम्बन्धी तथ्याङ्कहरुको प्रयोग गर्दै वासोले विश्वसनीय रुपमा अहिंसात्मक विरोधको बढ्दो आवृत्तिले संयुक्त राज्य (अमेरिका) मा सार्वजनिक चिन्ताको प्राथमिक मुद्दाको रुपमा “नागरिक अधिकार” प्रति बढ्दो समर्थन पाएको, तर हिंसात्मक विरोधको बढ्दो आवृत्तिले प्राथमिक मुद्दाको रुपमा “कानुन र व्यवस्था” प्रतिको समर्थनलाई बढाउन मद्दत पुगेको देखाएका छन् । सन् १९६५ पश्चात, जब हिंसात्मक विरोधहरु अझ सामान्य बन्दै गए, जनमत नागरिक अधिकार प्रतिको समर्थनबाट अलग हुदै प्रहरीको प्रतिक्रिया तर्फ केन्द्रित भयो, जसले आन्दोलनले कसरी महत्वपूर्ण सहयोगको स्तम्भहरु बीच आपनो आकर्षण विस्तार समाप्त पार्‍यो भन्ने देखाउँछ । आश्चर्यजनक रुपमा, जनमतको महत्व अल्पकालिन रुपमा मात्र होइन, दीर्घकालीन रुपमा समेत रह्यो : वासोले “कानुन र व्यवस्था” प्रतिको समर्थन रिपब्लिकन नेतृत्वले पाएको मतसँग अत्यधिक रुपमा सम्बन्धित भएको पाए, यसले संयुक्त राज्य अमेरिकामा विभिन्न प्रकारका विरोधहरुको दीर्घकालीन राजनीतिक प्रभावहरु रहेको देखाउँछ ।

### ५. अहिंसात्मक द्वन्द्वहरु भविष्यवाणी गर्न अत्यन्तै कठिन हुन्छन् ।

लामो समयदेखि समाजशास्त्रको सम्पूर्ण क्षेत्रको चासो सामाजिक आन्दोलन वा विरोध आन्दोलनहरु कहिले घटित हुन्छन् भन्ने बारेमा रहिआएको छ । मूलभूत रुपमा राष्ट्रिय स्तरमै यथास्थितिलाई परिवर्तन गर्ने उद्देश्यका साथ, राज्यका बिरुद्ध केन्द्रिकृत अत्यन्त विघटनकारी, समन्वयात्मक कार्यहरुको संदिग्ध श्रृंखलाको पूर्वानुमान हुने भएकाले कट्टर अहिंसात्मक प्रतिरोध अभियान थोरै फरक बिषय हो ।

अहिंसात्मक प्रतिरोधको कारणहरुको मूल्याङ्कन गर्ने अध्ययनहरुले धेरै परस्पर सम्बन्धहरु पहिचान गरेको छ, जस्तै उत्पादन क्षेत्रको घनत्व (बुचर र स्भेन्सोन, २०१४), भावनाहरु (पर्लम्यान, २०१३), भौगोलिक निकटता (ग्लेडिस्च र रिभेरा, २०१५) तथा विरोधको इतिहास (ब्रेथवेट, ब्रेथवेट र कुबिक, २०१५) ।

सन् २०१५ मा सेनोवेथ र जे अल्फेल्डरले आम विद्रोहहरुको धेरै सामान्य सिद्धान्तहरुको मूल्याङ्कन गर्दै ती मध्ये केहिले अहिंसात्मक अभियानहरु कहाँ घट्न सक्छन् भनी सही भविष्यवाणी गरेको पत्ता लगाए । सशस्त्र अभियानहरुभन्दा, राज्य विप्लब वा आकस्मिक शासन परिवर्तन - जसको भविष्यवाणी गर्न प्राय सबै विद्वानहरु सक्षम छन्, -अहिंसात्मक आम अभियानहरु कुनैपनि कारणको लागि लगभग कहीं पनि हुन सक्छन । यी प्राय ती ठाउँहरुमा हुन्छन् जहाँ विद्वानहरुले जनमत परिचालन गर्नु धेरै कठिन वा धेरै कम प्रभावकारी हुन्छ भनी अपेक्षा गरेका हुन्छन् । र यस्ता अभियानलाई के कुराले जन्माउँछ वा कायम गराईरहन्छ भन्ने विषयमा विल्कूल कुनै स्पष्टता छैन । सेनोवेथ र अल्फेल्डरको निष्कर्ष, जनताको शक्ति आन्दोलनहरु यति प्रासंगिक र अनिश्चित हुन्छन् कि भविष्यवाणीका ठेट उपकरणहरु र तथ्याङ्क संरचनाहरुले उनीहरुका कारणहरु यकिन गर्न सक्दैनन् भन्ने रहेको छ । यस निष्कर्षलाई, अहिंसात्मक विद्रोहहरु आयोजन गर्ने मानिसहरुले प्राय प्रतिकूल अवस्थाहरुलाई रचनात्मक तरीकाहरुबाट सामना गर्दछन जुन अपेक्षा विपरित हुन्छ भनेर अर्को तरीकाबाट व्याख्या गर्नसकिन्छ । यससँगै हामी हाम्रो अन्तिम बुँदामा आइपुगेका छौं ।

## **६. दमनले सवै असंतुष्ट अभियानहरुलाई चुनौती दिन्छ तर यसले अहिंसात्मक प्रतिरोधको विकल्प वा यसको परिणामको विकल्प पूर्वनिर्धारण गर्न सक्दैन ।**

अहिंसात्मक प्रतिरोध सम्वन्धी एउटा लोकप्रिय तर्क के छ भने जबसम्म विपक्षीले नरम व्यवहार गर्छ तबसम्म प्रतिरोध हुनसक्छ र यो सफल पनि हुनसक्छ, तर विपक्षी उग्र हुने बित्तिकै अहिंसात्मक प्रतिरोध असंभव वा निष्फल हुन्छ । हामीले यो तर्कलाई सन् २०११ को हाम्रो पुस्तकमा केही हदसम्म सम्बोधन गरेका छौं, तर हालको केही थप कामहरुले पनि यो महत्वपूर्ण प्रश्नको विषयमा बोल्दछन् ।

क्रूर दमनले अहिंसात्मक प्रतिरोधको संभावनालाई प्रभाव पार्दछ भन्ने सन्दर्भमा वेन्डी पर्लम्यानले प्यालेष्टाइनको राष्ट्रिय आन्दोलन सम्बन्धी उनको उत्कृष्ट पुस्तकमा, आन्दोलन किन अहिंसात्मकबाट हिंसामा परिणत भयो भन्ने कारणहरुको ब्याख्या दमनले मात्र गर्न सक्दैन भनी तर्क गरेकि छन् । वास्तवमा, पहिलो इंतिफाडाको विभिन्न हिँसात्मक चरणहरुमा जस्तै अहिंसात्मक चरणको बेला पनि दमन त्यति नै तीव्र थियो भन्ने उनको तर्क छ । बरु, उनको तर्क छ, संसक्तिको स्तर वा तहले हिंसामा परिणत हुने विषयलाई राम्रोसँग ब्याख्या गर्नसक्छ । जव आन्दोलनले सामूहिक दृष्टिकोण, नेतृत्व

र स्पष्ट आन्तरिक मान्यता र नियमहरु अवलम्बन गऱ्यो, इजरायली सरकारको निरन्तरको दमनका बाबजुत पनि आन्दोनल अहिंसात्मक प्रतिरोधमा निर्भर रहन सक्षम भएको थियो ।

त्यसैगरी शोधकर्ताहरु जोनाथन सुटन, चार्ल्स बुचर र इसक स्भेन्सोनले पनि आन्दोलनको दमन सामु अभियानको सक्षमताको महत्वपूर्ण निर्धारक अभियानको संरचना र संगठन हो भन्ने देखाएका छन् । उनीहरुले मात्रात्मक/संख्यात्मक तथ्याङ्कहरुको प्रयोग मार्फत,.जब राज्यले निशस्त्र प्रर्दशनहरु विरुद्ध एकपक्षीय हिंसा वा सामूहिक हत्याको प्रयोग गर्दछ भने प्रदर्शनकारीहरु बृहत समन्वयात्मक अभियानको हिस्सा बने मात्र दीर्घकालीन रुपमा सफल हुन सक्दछन् भन्ने तर्क गरेका छन् ।

अवश्य, केही अनुसन्धानले अत्यन्त जटिल प्रकृतिका - विशेष गरी जातीय नरसंहार वा राजनीतिक महत्वाकांक्षा भएका - दमनकारी शासन विरुद्ध अहिंसात्मक प्रतिकारको प्रतिस्पर्धात्मक क्षमतामा शंका गर्दछन् । केही शासकहरु कति परिष्कृत र प्रतिबद्ध हुनसक्छन् भन्ने सन्दर्भमा, सन् १९७५ देखि १९८५ को बीचमा ग्वाटेमालाको सुरक्षा बलले त्यहाँका बामपन्थी प्रतिपक्षी माथि गरेको प्रणालीगत बिध्वंस माथि क्रिष्टोफर सुलीभानको हालैको अध्ययन, एउटा चेतावनीपूर्ण कथा हो । त्यस्तै थियो, सिरियामा सन् २०११ को मार्चमा डेरामा गरिएको विरोध पछि बसर एल असाद शासनद्वारा गरिएको अहिंसात्मक प्रदर्शनकारीहरुको कुर र नियोजित हत्या - जुन अहिंसात्मक आम अभियानहरु जति सफल हुन्छन् प्राय त्यति नै असफल पनि हुन्छन भन्ने एक भयानक अनुस्मारक हो ।

तर फेरि, सिरियामा जस्तै लगभग असंभव देखिने घटनामा पनि, त्यस्ता दमनकारी प्रशासनले आम विद्रोहको सामुन्ने कसरी आफ्ना अधीनस्थहरुलाई पूर्ण वफादारीता पालना गर्न बाध्य बनाउन सक्षम हुन्छन् भन्ने अनुमान गर्न कठिन छ । यसका अतिरिक्त, लि स्मीथ, लेस्टर कर्ट्ज र सहयोगीहरुले त्यसपश्चातको अध्ययनमा, निशस्त्र प्रदर्शनकारी विरुद्ध सत्ताको दमनले प्राय नैतिक आक्रोश सिर्जना गरेर, सहभागिताको वृद्धि गरेर, आन्दोलनका लागि तेस्रो पक्षको समर्थन सिर्जना गरेर र सुरक्षाबलको पक्ष परिर्वतन तीव्र गराएर प्रतिघात हुनसक्छ भन्ने पत्ता लगाए । वास्तवमा, दमनकारी घटनाहरु प्राय अहिंसात्मक अभियानको निष्कर्ष भन्दा कारण हुन सक्छ । हिंसाको भयानक घटानाको उदाहरणको रुपमा इमेट टिलको हत्या हाम्रो दिमागमा आउँछ, जसले अन्ततः अमेरीकी नागरिक अधिकार आन्दोलनमा व्यापक समर्थन, सहानुभुति र सहभागिता सिर्जना गरेको थियो ।

मार्टीन लुथर किङ्ग जुनीयरको स्मृति दिवशको अवसरमा, हामीले यहाँ उनको “बर्मिङ्घम जेलबाट चिठी” को अन्तर्दृष्टिपूर्ण अनुच्छेद हाम्रा पाठकसामु राख्ने बिचार गयौं, जसको पूर्ण पाठ यहाँ पाउन सक्नुहुन्छ ।

“मेरा साथीहरू, मैले तपाईंलाई भन्नुपर्दछ कि हामीले निर्धारित कानूनी र अहिंसात्मक दबाव बिना नागरिक अधिकारमा एउटै पनि लाभ प्राप्त गर्न सकेका छैनौ । खेदजनक रुपमा, यो एक ऐतिहासिक तथ्य हो कि संभ्रान्त समूहहरुले विरलै आफ्ना विशेषाधिकार स्वेच्छाले त्यागछन् । व्यक्तिगतरुपमा कसैले

नैतिकताको प्रकाश देख्न सक्छन् र स्वेच्छाले आफ्नो अन्यायपूर्ण व्यवहार त्याग्न सक्छन् । तर रेइनहोल्ड नेबुह्रले हामीलाई सम्झाउनुभए जस्तो, समूहहरु व्यक्तिहरू भन्दा अधिक अनैतिक हुने गरेको देखिन्छ । दुखदायी अनुभवबाट हामीले जानेका छौँ कि उत्पीडकले स्वेच्छाले स्वतन्त्रता प्रदान गर्दैनन्, यो उत्पीडितद्वारा माग गर्नुपर्छ ।"

अवश्य पनि, किङ्ग अहिंसात्मक प्रतिरोधको नैतिक र व्यावहारिक दुवै पक्ष बारे चिन्तित थिए । तर, जोनाथन रिडरको बर्मिङ्गम लेटर स्टाइक होम सम्बन्धी किताबमा उल्लेख गरे जस्तै उनको व्यवहारबादलाई नजरअन्दाज गरिनुहुँदैन ।

स्पष्ट रुपमा, अहिंसात्मक प्रतिरोधको बारेमा सिक्न धेरै छ : यो एक उदाउदो घटना हो र सामाजिक बिज्ञानमा यस विषयमा अनुसन्धानहरु अगाडि आइरहेका छन् । उत्पीडन विरुद्द लड्न खोजिरहेका मानिसहरु, विभिन्न सन्दर्भमा कहिले र कसरी अहिंसात्मक संघर्ष सुरु गर्ने भन्ने सम्बन्धमा व्यवस्थित अनुसन्धानबाट लाभान्वीत हुनेछन् । तानाशाहहरुको पुनरुत्थानदेखि राज्यको नाजुकतासम्म र हिंसात्मक अतिबादसम्मका चुनौतीहरुसँग संघर्ष गरिरहेका नीति निर्माणकर्ताहरु कहाँ र कहिले अहिंसात्मक प्रतिरोधहरु सफल हुन्छन् र उनीहरुलाई प्रभावकारी रुपमा समर्थन गर्नुको अर्थ के हो भन्ने बिषयको गहिरो बुझाइबाट लाभान्वित हुनेछन् ।

यस दशकमा - जसमा मानिसहरु पहिलेभन्दा बढी अहिंसात्मक प्रतिरोधको प्रयोग गरिरहेका छन् - आगामी बाटो तय गर्नका लागि विद्वानहरु र अभ्यासकर्ताहरुले गान्धी र किङ्गको व्यावहारिक र सैद्धान्तिक ज्ञानलाई राम्रोसंग छलफल गर्नेछन् ।

एरिका सेनोवेथ डेन्भर विश्वविद्यालयको जोसेफ कोर्बेल अन्तराष्ट्रिय अध्ययन विश्वविद्यालय कि प्राध्यापक हुन् । उनी एक नजरमा @ राजनीतिक हिंसा (Political Violence @ a Glance) भन्ने ब्लगको सहसंचालन गर्छिन र यदाकदा द मङकी केज (The Monkey Cage) मा ब्लग लेख्छिन् । मारिया जे स्टेफन, संयुक्त राज्य शान्ती संस्था (U.S. Institute of Peace) कि बरिष्ठ अध्येता हुन् र एट्लान्टिक परिषदकि गैर-आवासिय वरिष्ठ अध्येता हुन् ।